बैठक संख्याः १

श्री

आज मिति २०८० साल श्रावण १७ गते दिउसो ३:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद्व |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री कृष्ण प्रसाद सापकोटा, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | कृष्ण बहादुर थापा क्षेत्री, अधिकृत छैठौं | |
| २९. | | | |
| ३०. | | दिलिप राना, इन्जिनियर (भवन शाखा) | |

प्रस्तावहरु :

१. पूर्वनिर्मित भवन नक्सा अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०८० सम्बन्धमा ।

२. मालपोत र नापी कार्यालयबाट प्रदान गरिने भूमि प्रशासन सम्बन्धी कार्य सम्बन्धमा ।

३. योजना सम्झौता, कार्यान्वयन र उपभोक्ता समिति गठन सम्बन्धमा ।

४. नगर दररेट अनुमोदन सम्बन्धमा ।

५. भूमि आयोगको सूचना प्रकाशनको म्याद थप सम्बन्धमा ।

६. विविध ।

क) "घ" वर्गको इजाजतपत्र जारी गर्ने सम्बन्धमा ।

ख) राहत वितरण सम्बन्धमा ।

ग) "बर्दघाट नगरपालिका प्रमुखको सचिवालय गठन तथा सञ्चालन सम्वन्धी कार्यविधि, २०८०"

घ) वृक्षारोपण सम्बन्धमा ।

ङ) भाडा असूली सम्बन्धमा ।

**निर्णय नं. १**

- बर्दघाट नगरपालिकाको **"पूर्वनिर्मित भवन नक्सा अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०८०"** स्वीकृत गर्ने ।

**निर्णय नं. २**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) "ढ" मा स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन, नामसारी तथा दाखिला खारेज गरी जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण गर्ने तथा सोही ऐनको दफा ११ (५) वमोजिम संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू-उपयोग नीति योजना कार्यक्रम तर्जुमा र कार्यान्वय गर्ने भन्ने कानूनी व्यवस्था रहेकोले उक्त कार्य गर्न यस नगरपालिकाको स्रोत साधन अन्तर्गत जनशक्ति व्यवस्थापन तथा आवश्यक मात्रामा भवन लगायतका अन्य पूर्वाधारहरु समेत प्रयाप्त मात्रमा रहेकोले मालपोत र नापी कार्यालयबाट प्रदान गरिदै आइरहेको भूमि प्रशासन सम्बन्धी कार्य यस नगरपालिकाबाट संचालन गर्न भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा अनुरोध गर्ने ।

**निर्णय नं. ३**

- आर्थिक वर्ष २०८०/०८१ को बर्दघाट नगर कार्यपालिकाको कार्यालयबाट तयार भई आएको **"सार्वजनिक खरिद नियमावली, २०६४"** को नियम (८) वमोजिमको वार्षिक खरिद योजना, कार्ययोजना र कार्यक्रम कार्यान्वयन कार्यतालिका पारित गर्ने ।
- आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमको बुँदा नं २२२ मा चैत्र मसान्तसम्म ७० प्रतिशत पूँजीगत खर्चको लक्ष्य हासिल गर्नको लागि उपभोक्ता मार्फत संचालन हुने आयोजनाहरु प्रभावकारी तवरले कार्यान्वयन गर्न देहाय वमोजिम प्रवन्ध मिलाउने ।

तपशिल

- उपभोक्ता समिति गठन मिति २०८० साल असोज मसान्तसम्म ।
- उपभोक्ता समितिलाई तालिम मिति २०८० साल कार्तिक मसान्तसम्म।
- योजना सम्झौता मिति २०८० साल मार्ग मसान्तसम्म ।
- कार्य सम्पन्न मिति २०८१ साल बैशाख मसान्तसम्म ।
- भुक्तानी फरफारक मिति २०८१ साल जेष्ठ मसान्तसम्म ।

- उपभोक्ता समितिबाट संचालन गरिने योजनाहरुमा रु ५ लाखसम्म २ हजार ५ सय र ५ लाख १ देखि माथि रु ५ हजारसम्म व्यवस्थापन खर्च गर्न मिल्ने गरी प्राविधिक स्टमेटमा समावेश गर्ने ।
- परामर्शदाता, सामुदायिक संघसंस्था, युवा क्लव र आमा समूहबाट गरिने कार्यक्रममा कम्तिमा २० प्रतिशत संस्थागत सहभागिता अनिवार्य गर्ने ।
- हरियाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत हरेक आयोजनामा विनियोजन वजेटको २ प्रतिशत रकम कट्टा गरी बनेको कोषबाट प्रति लाख १ वटा विरुवा रोपण गर्ने ।(३ लाख भन्दा माथिका आयोजनामा मात्र)

निर्णय नं ४

- बर्दघाट नगरपालिकाको आ.ब. २०८०/०८१ मा योजनाको लागत अनुमान र मूल्यांकन गर्न **सार्वजनिक " खरिद नियमावली, २०६४"** को नियम १४८ वमोजिम जिल्ला दररेट निर्धारण समितिबाट तयार भई प्राप्त भएको जिल्ला दररेटलाई नै नगर दररेट कायम गर्ने ।

निर्णय नं ५

- भूमि सम्वन्धी समस्या समाधान आयोग, ताहाचल, काठमाण्डौंबाट मिति २०७७/१०/१५ गते र राष्ट्रिय भूमि आयोगबाट मिति २०७८/११/२६ गते यस नगरपालिका अन्तर्गत बसोबास गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन गर्न भनि दुई पटक सम्म सार्वजनिक सूचना जारी भए बमोजिमको लगत संकलन कार्य पुरा गर्ने क्रममा केही बसोबासीहरुको लगत संकलन कार्य छुट् हुन गएकोले पुनः लगत संकलनका लागि ३५ दिने सार्वजनिक सूचना जारी गर्न राष्ट्रिय भूमि आयोग, ताहाचल, काठमाण्डौ र राष्ट्रिय भूमि आयोग जिल्ला समिति, नवलपरासीलाई अनुरोध गर्ने ।

निर्णय नं ६ विविधः

क) "घ" वर्गको निर्माण व्यावसायी ईजाजतपत्रका लागि प्राप्त निवेदनका सन्दर्भमा तपसिल बमोजिमको निवेदकबाट निवेदन साथ पेश गरिएका कागजातहरु बर्दघाट नगरपालिकाको **"घ"- वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५** को दफा (२) को उपदफा (२) अनुसूची-५ वमोजिम तोकिएका मापदण्ड पुरा गरी ईजाजतपत्र प्रदान गर्न मिति २०८०/०४/१५ को प्राविधिक समितिको वैठकबाट सिफारिस भई आएकोले उक्त फर्मलाई उपदफा (४) अनुसूची-३ वमोजिम "घ" वर्गको इजाजतपत्र उपलव्ध गराउने ।

तपशिल

| सि.नं | फर्मको नाम र ठेगाना | प्रोप्राइटरको नाम | कैफियत |
|---|---|---|---|
| १ | पालुस्थान निर्माण सेवा प्रा.लि., बर्दघाट- ४, न.प. | विक्रम खनाल, बर्दघाट-१०, न.प. | |

ख) चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नगर विकास कार्यक्रम अन्तर्गत **विपद् व्यवस्थाप कोष** शीर्षकमा (ब.सि.नं. १९४) छुट्टाईएको बजेट रकम रु २५,००,०००/- (रुपैया पच्चिस लाख मात्र) मध्येबाट आगजनिमा परि सामाग्री क्षति भएका जिल्ला नवलपरासी बर्दघाट नगरपालिका वडा नं ४ मा व्यवसाय संचालन गरि बस्ने शिवराज चौधरी, पूजा सोनी, दुर्गा न्यौपाने, सुरज चौधरी र मनु रायमाझीलाई राहत स्वरुप एकमुष्ट रु २,००,०००/- (रुपैया दुई लाख मात्र) रकम सहयोग गर्ने ।उक्त रकम बर्दघाट उद्योग वाणिज्य संघ र वजार विकास समितिको समन्वयमा तयार पारिएको खर्चको तेरीज अनुसार भुक्तानी दिने ।

ग) "बर्दघाट नगरपालिका प्रमुखको सचिवालय गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" थप छलफलको लागि विधेयक समितिमा पठाउने ।

घ) बर्दघाट नगरपालिकाको हरियाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत नागरिकको जन्मदिन एवम् विभिन्न सामुदायिक संघ/संस्था, कार्यालय र विद्यालयको वार्षिक उत्सव मनाउदा वृक्षारोपण गरि मनाउन सबैमा अनुरोध गर्ने र यो अभियानलाई नगर सरसफाई तथा हरियाली प्रवर्द्धन अभियानसँग तालमेल मिलाउदै प्रभावकारी रुपमा कार्यान्वयनमा लैजाने ।

ङ) यस नगरपालिकाको नाममा रहेको साविक पञ्चनगर-२/ख हाल वडा नं ९ कि.नं. १८८ को जम्मा ज.वि. १-१०-०-० जग्गामा विभिन्न संघ/संस्थाहरुले भाडामा लगाई भाडा रकम असुली गरेको भन्ने जनगुनासो प्राप्त भएकोले उक्त भाडा रकमका बारेमा अध्ययन गरी नगरपालिका मातहात ल्याउन देहाय बमोजिमको उप समिति गठन गर्ने ।सो उपसमितिले १ महिनाभित्र अध्ययन गरी प्रतिवेदन पेश गर्ने ।

तपशिल

पूर्वाधार विकास समितिका संयोजक श्री चन्द्रकान्त चापागाई - संयोजक

सामाजिक विकास सिमितका संयोजक श्री भीमकाजी गुरुङ्ग- सदस्य

आर्थिक विकास सिमितका संयोजक श्री कविराज आचार्य - सदस्य

राजश्व शाखा प्रमुख श्री शारद जिसी - सदस्य

योजना शाखा प्रमुख श्री पुष्कर काफ्ले - सदस्य-सचिव